मोहन्याल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खिमडी, कैलाली
सुदूरपश्चिमप्रदेश, नेपाल

**प.स.:- ०८०/०८१**
**च.नं. :**

मितिः- २०८०।०६।०२

**विषयः- विद्यालय सञ्चालन सम्बन्धमा।**

श्री सामुदायिक विद्यालयहरू सबै,
मोहन्याल गाउँपालिका,कैलाली।

उपर्युक्त विषयमा नेपाल शिक्षक महासंघ, आन्दोलन परिचालन समिति, मोहन्याल गाउँपालिका कैलालीको च. नं. १०, मिति २०८०।०६।०१ को प्रेस विज्ञप्ति अनुसार हालै संसदमा दर्ता भएको विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संसोधन र एकीकरण गर्न बनेको विधेयकको सन्दर्भलाई लिएर मिति २०८०।०६।०३ गते देखि विद्यालय बन्द गरी काठमाडौमा गरिने सडक आन्दोलनमा सहभागी हुन भनि प्रकाशित विज्ञप्तिको सन्दर्भमा गाउँपालिकाको ध्यानाकर्षण भएको छ। विद्यार्थीको नियमित पठनपाठनमा प्रत्यक्ष असर पर्ने गरी विद्यालय बन्द सम्मको कार्यक्रम आयोजना गरिएको बुझिन आएको हुँदा शान्तिपूर्ण आन्दोलन मार्फत आफ्ना जायज मागहरु सम्बन्धित निकायमा राख्ने अधिकार उचित भए पनि आफ्नो अधिकारको प्रयोग गर्दा अरूको अधिकारको हनन हुने विषय न्याय संगत नहुने, पठनपाठन बन्द हुँदा बालबालिकाको शिक्षा प्राप्त गर्ने मौलिक हक कार्यान्वयनमा बाधा पर्न जाने, यस गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धिमा बाधा पर्ने साथै विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ को बुँदा नं. ६.२ को (घ) मा भएको व्यवस्था विपरीत हुन जाने देखिन्छ। नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्धारा मिति २०८०।०६।०१ गतेको विज्ञप्ति अनुसार आन्दोलनका कार्यक्रम स्थगन गरी मिति २०८०।०६।०२ गते नेपाल शिक्षक महासंघलाई वार्तामा सहभागी हुन समेत आग्रह भईसकेकोले सरकार समक्ष माग गर्नु पर्ने विषय विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी शान्तिपूर्ण रुपमा वार्ताद्धारा तथा रचनात्मक र सांकेतिक तवरले माग राखी नियमित विद्यालय सञ्चालन गरी पठनपाठनको व्यवस्था मिलाउन हुन अनुरोध छ। नियमित पठनपाठनमा अवरोध पुर्‍याउने कार्य प्रचलित कानुन विपरीत हुनजाने व्यहोरा समेत स्मरण गराईन्छ।

टेकबहादुर साउँद
शिक्षा अधिकृत

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

**Website**: https://mohanyalmun.gov.np/
**email**: ito.mohanyalmun@gmail.com